प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्व), नेपाल

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/१०/११*

## निःशुल्क ब्याजमा ऋण लिने सम्बन्धी सूचना ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मुकाम, बुटवलको आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशमा लगानी प्रवर्द्धन गर्न र Covid-19 को प्रभावले रोजगारी गुमाएका युवा पुस्ताहरुलाई स्वदेशमै रोजगार प्रवर्द्धन गर्न निःशुल्क ब्याजमा ऋण प्रवाह गर्ने कार्यक्रम रहेकाले यस जिल्लाका इच्छुक तपशिलका अनुदानग्राहीले आवश्यक कागजात सहित नेपाल बैंक लिमिटेड, रुकुम पूर्वमा निवेदन दिने सकिनेछ।

**तपशिलः**

१. निःशुल्क ब्याज अनुदान ऋण प्राप्त गर्न सक्ने अनुदानग्राहीहरुः- *वैदेशिक रोजगारबाट फर्किएका, दलित, महिला, द्वन्द पीडित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत तथा अल्पसंङ्ख्यकले संचालन गरेका स्वदेशी कच्चा पदार्थको प्रयोग गर्ने एवं अत्यावश्यक वस्तु तथा निर्यातजन्य वस्तुको उत्पादन गर्ने उद्योगी ।*

२. आवश्यक कागजातहरुः-

*क) नेपाल बैंक लिमिटेडले माग गरेको धितो र अन्य आवश्यक कागजातहरु ।*

*ख) आ.व. २०७७/०७८ मा दर्ता भएको उद्योग दर्ताको प्रमाण-पत्र ।*

*ग) सरकारका कुनै पनि निकायबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ।*

**द्रष्टव्यः**

- ऋण प्रवाहको अवधिः *२०७८ साल आषाढ मसान्त सम्म मात्र हुनेछ ।*
- विस्तृत जानकारीका लागि यस कार्यालय र नेपाल बैंक लिमिटेड, रुकुम पूर्वमा सम्पर्क गर्नुहोला ।

२०७७/१०/११

तारा प्रसाद शर्मा
(उद्योग अधिकृत)